# श्री प्रकाश तिवारीबाट प्रस्तुत नीति तथा कार्यक्रम, २०८०/०८१

**गाउँसभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु एवं उपस्थित महानुभावहरु**

आज यस अर्जुनचौपारी गाउँपालिकाको गरिमामय १३ औं गाउँसभाको ऐतिहासिक घडीमा उपस्थित सम्पूर्ण महानुभावलाई प्रथमतः स्वागत गर्न चाहन्छु। पटक–पटक राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र स्वतन्त्रताका लागि बलिदान दिने एवं प्राण आहुति गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै ऐतिहासिक जन आन्दोलन, जनयुद्ध र मधेश आन्दोलनका घाईते, अपाङ्ग, सम्पूर्ण दिवंगत योद्धाका टुहुरा, वेपत्ता एवं तिनका परिवारजनहरुको स्मरण गर्दै हार्दिक नमन गर्न चाहन्छु।

**गाउँसभा सदस्यहरु,**

- नेपालको संविधानले सृजना गरेको तीन तहको सरकार मध्ये प्रत्यक्ष जनतासँग सम्पर्क, सम्वन्ध तथा समन्वय हुने स्थानीय सरकार रहेको हुनाले हामी स्थानीय सरकारका जनप्रतिनिधिहरुमा जनताका गुनासा, जनसरोकारका विषय, असीमित इच्छा र आकांक्षाहरुका विषयमा सम्वाद हुनु अस्वाभाविक होइन।
- अर्जुनचौपारी गाउँपालिकाबासीहरुबाट निर्वाचित भएको एक बर्ष पूरा भई दोस्रो बर्षमा प्रवेश गरेका छौं । आवश्यकता अनुरुपको सेवा प्रवाह कमजोर रहेको पहिलेका बर्षहरुलाई नियाल्दा यस आर्थिक बर्षमा शिक्षा, स्वास्थ्य र विकास निर्माणका क्षेत्रमा महत्वपूर्ण र गौरव गर्न लायक सुधारहरु भएका छन ।
- एक बर्षे कार्यकालमा हामीले नीतिगत, कानूनी, संरचनागत र प्रशासनिक क्षेत्रमा धेरै सुधार गरेका छौं । रुग्ण अवस्थामा रहेका र लामो समयदेखि अलपत्र परेका योजनाहरुलाई निरन्तर खबरदारी, अनुगमन, सहजीकरण र समन्वय गरी हामीले एक बर्ष भित्र उल्लेख्य प्रगति गर्न सफल भएका छौं ।
- स्थानीय तहको निर्वाचनमा मुख्य प्रतिवद्धता व्यक्त गरे अनुसारको सुशासित, समुन्नत र सुसंस्कृत गाउँपालिका, झन्झटरहित भष्ट्रचारमुक्त गाउँ र वडा प्रशासन बनाउन जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सरोकारवाला सबैपक्ष एवं सम्पूर्ण अर्जुनचौपारीबासीले गरेको सहयोग, सहकार्य र समन्वयको लागि हार्दिक कृतज्ञता व्यक्त गर्दछु । आगामी बर्षहरुमा पनि हाम्रो प्रतिवद्धता अनुरुपको गाउँपालिका निर्माण गर्न सहयोग गर्नुहुनेछ भन्ने आशा राखेको छु।

**गाउँसभा सदस्यहरु,**

अब म आर्थिक बर्ष 2079/080 मा भएका केही उल्लेखनीय कार्यहरुलाई सम्मानित सभामा प्रस्तुत गर्दछु ।

- वि.स. २०५५ सालमा ट्याक खोली वि.स.2076 सालमा कालोपत्रेको लागि ठेक्का सम्झौता भई अलपत्र परेको हेलु–अर्जुनचौपारी सडकको अर्जुनचौपारी गाउँपालिका अन्तर्गत ४.५ कि.मी सडक खण्ड कालोपत्रे भएको छ ।
- 20७६ सालमा ठेक्का सम्झौता भई जम्मा 40 प्रतिशत मात्र काम भएको छाप–सल्यान–आग्रिखर्क सडक यसै आर्थिक बर्षमा निर्माण सम्पन्नको चरणमा रहेको छ।
- समय अवधि भित्र निर्माण सम्पन्न हुन नसकेको प्रशासकीय भवन यस आर्थिक बर्षमा 39.45 प्रतिशत कार्य प्रगति भई निर्माण सम्पन्न भएको छ ।
- अर्जुनचौपारी बजारको बीचमा रहेको अत्यावश्यक ट्रस ब्रिज ३ महिनामा नै निर्माण सम्पन्न गरी संचालनमा ल्याइएको छ ।
- अर्जुनचौपारी गाउँपालिकाभित्र हुनसक्ने सम्भावित विपदलाई मध्यनजर गर्दै अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित सहले फाँटमा MI-16 हेलिकप्टर ल्याण्ड गर्न सक्ने क्षमताको हेलिप्याड निर्माण गरिएको छ ।
- औद्योगिकग्राम निर्माण कार्य अन्तिम चरणमा पुगी सञ्चालनको प्रक्रियामा रहेको छ ।
- आग्रिखर्क लिफ्टिङ्ग खानेपानी योजना र भक्तिकोट लिफ्टिङ्ग खानेपानी योजना समयमा नै सम्पन्न भएको छ ।
- गाउँपालिका भित्रका अत्यावश्यक ठाउँहरुमा चालू आर्थिक बर्षमा ४,१०० मिटर गोरेटोबाटो निर्माण सम्पन्न भएको छ ।
- अर्जुनचौपारी–रापाकोट–आरुचौर सडकको प्रमुख समस्याको रुपमा रहेको वडा नं. ४ स्थित माओवादी घुम्तीमा ट्याक परिवर्तन गरी सडक स्तरोन्नतिको कार्य सम्पन्न भएको छ ।
- स्थानीय पाठ्यपुस्तक लेखन, सम्पादन र प्रकाशन गरी वितरणको अवस्थामा रहेको छ,

**गाउँसभा सदस्यहरु,**

- शैक्षिक सुधार कार्यविधि तयार भई पालिकाको शैक्षिक सुधार सम्वन्धी कार्यहरु सञ्चालनमा रहेका छन् ।
- विपन्न परिवार लक्षित कार्यक्रम अन्तर्गत आर्थिक बर्ष २०७९/080 मा दलित उत्थान केन्द्र मार्फत ३ वटा नयाँ घर निर्माण, ४ वटा घर मर्मत र १५ वटा शौचालय निर्माण गरिएको छ । साथै ४३ वटा घरहरुमा विजुलीबत्ती जडान गरिएको छ ।
- विपन्न व्यक्ति तथा परिवारहरुका लागि विउपूँजी कार्यक्रम अन्तर्गत विपन्नहरुको पहिचान गरी यस आर्थिक बर्षमा ५52 जना विपन्न व्यक्तिको डिम्याट खातामा जनही रु 2300।– का दरले जम्मा रु १2 लाख 69 हजार ६ सय रुपैया जम्मा गरिएको छ ।
- महिलाहरुलाई राज्यको मूलप्रवाहमा समावेश गर्दै उनीहरुको नेतृत्व विकास तथा सशक्तीकरणका लागि ४८ वटा आमा समूह दर्ता तथा १५ वटा आमा समूह सूचीकृत गरी सरसफाई, क्षमता अभिवृद्धि तथा सामाजिक विकृति र विसंगति विरुद्ध परिचालन गरिएको छ ।
- सार्वजनिक खर्चमा वित्तीय सुशासन कायम गर्न पालिकाबाट हुने भुक्तानी पूर्ण रुपमा विद्युतीय कोष हस्तान्तरण (EFT) मार्फत गरिएको छ ।
- निर्वाचित सवै जनप्रतिनिधिहरुले सेवा सुविधा बापत पाउने रकमको न्यूनतम 10 प्रतिशत रकम सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरी हालसम्म रु 5 लाख 58 हजार ५ सय रुपैया जम्मा भएको र त्यो रकमलाई विभिन्न लोककल्याणकारी कार्यहरुमा लगाइएको छ ।
- अर्जुनचौपारी गाउँपालिकामा विद्युत आपूर्ति नियमित नहुने समस्यामा विगतका बर्षहरु भन्दा उल्लेख्य कमि आएको छ ।यसका लागि चालु आर्थिक बर्षमा नेपाल विद्युत प्राधिकरण स्याङ्जा शाखाबाट ५,३०० मिटर कालो तार, ४ वटा ट्रान्स्फर्मर र ८२ वटा स्टिल पोलको व्यवस्था गरी आवश्यक स्थानमा जडान गर्ने कार्य सम्पन्न गरिएको छ । साथै अर्जुनचौपारी गाउँपालिकाको लागि छुट्टै फिडरको व्यवस्था गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- भू उपयोग नीति अनुरुप भू-वर्गीकरण कार्य सम्पन्न गरिएको छ ।

**गाउँसभा सदस्यहरु,**

**आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा**

- नेपालको संविधानमा रहेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- क्षेत्रगत विकास नीति तथा रणनीतिहरु लगायतका विषयहरुलाई मूलभूत मार्गनिर्देशनका रुपमा लिईएको छ ।

- सीमित श्रोत र साधनका बावजुद भौतिक पूर्वाधारको क्षेत्रमा जनअपेक्षा अनुसार काम गर्न असम्भव प्राय नै छ । यो आर्थिक बर्ष संघीय सरकार र प्रदेश सरकारबाट विनियोजित बजेट तथा कार्यक्रममा अर्जुनचौपारी गाउँपालिकाको सडक पूर्वाधार र अन्य भौतिक निर्माणले प्रयाप्त ठाउँ नपाउँदा दुःखी हुनुपर्ने अवस्था सृजना भएको छ । हामी जस्तो आन्तरिक आय आर्जन नभएका र विगतका बर्षहरुमा पनि आवश्यक पूर्वाधार निर्माण नभएका पालिकाहरु प्रभावित हुने देखिन्छ ।
- एक बर्षको अवधिमा नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धी उत्साहजनक रहेको छ । यद्यपि दुरगामी महत्वका विषयहरु जस्तैः विपन्नलाई स्वास्थ्य बिमा, घरनक्सा पास, अर्जुनचौपारी-नुवारभञ्ज्याङ्ग हुँदै जिल्ला सदरमुकाम जोड्ने सडक लगायतका कार्यक्रमहरु आर्थिक बर्ष 079/080 को नीति तथा कार्यक्रमले निर्दिष्ट गरेतापनि विविध कारण र परिस्थितिले कार्यान्वनमा आउन सकेनन् ।
- देशको विद्यमान आर्थिक अवस्था र परिस्थितिले गर्दा आगामी आर्थिक बर्ष हाम्रो लागि चुनौतीपूर्ण रहने हुनाले हामी जनप्रतिनिधिहरु र कर्मचारीहरु संवेदनशील भई कम श्रोत र साधनबाट जनताका अधिकतम इच्छा आकांक्षा पूरा गर्नुपर्नेछ । यद्यपि पालिकाको सर्वाङ्गीण विकास गर्न कम चुनौतीपूर्ण भने छैन । हामी जनप्रतिनिधिहरु र राष्ट्रसेवक कर्मचारीहरु अनुशासित र दत्तचित्त भई दिगो आर्थिक विकास र समृद्धिका लागि उत्पादनमा जोड दिई आत्मनिर्भरतामा जोड दिनु आजको आवश्यकता हो।

**गाउँसभा सदस्यहरु,**

**साझा प्रतिवद्धता, साझा जिम्मेवारीः हामी सबैको सपना समुन्नत अर्जुनचौपारी** यही मूलमन्त्रमा केन्द्रित भई अब म अर्जुनचौपारी गाउँपालिकाको गर्विलो भविष्य निर्माणका लागि तय गरेका आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

- पूर्वाधारको अभावमा जनताको दैनिक जीवनयापन कष्टकर हुने, आकस्मिक कार्य संचालनमा कठिनाइ हुने, सीप, क्षमता र मेहनतको प्रतिफल प्राप्त गर्न नसकिने हुनाले विकासका पूर्वाधारहरु अपरिहार्य छन् तसर्थ यस सरकारको ५ बर्षे कार्यकालमा स्थानीय पूर्वाधार निर्माणलाई विशेष महत्व दिएको छु।
- अर्जुनचौपारी सदरमुकाम र स्याङ्जा सदरमुकाम जोडने अर्जुनचौपारी-रैते-नुवारभञ्ज्याङ्ग सडक निर्माणको लागि संघीय सरकार, प्रदेश सरकारसँग पहल गर्दा पनि उक्त सडकमा बजेट विनियोजन नभएकाले आगामी आर्थिक बर्षमा उक्त सडक निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालयहरुसम्म पुग्ने सडकहरु हामो कार्यकालभित्र नै  कालोपत्रे गरिनेछ। वडा भित्रका अन्य शाखा सडकहरुलाई स्तरोन्नति गरी बाह्रै महिना यातायात सुचारु हुने व्यवस्था गरिनेछ।
- अर्जुनचौपारी बजार क्षेत्रमा अब्यवस्थित पार्किङ्ग र भिडभाड अन्त्य गर्न बसपार्क निर्माण गरिनेछ ।
- वातावरणीय प्रभाव मूल्याङ्कन र सम्भावित जोखिमलाई मध्येनजर गर्दै अर्जुनचौपारी गाउँपालिकाभित्र कुनै पनि स्थानमा नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहन गरिने नीति लिईनेछ ।
- महिलाहरुको नेतृत्व र निर्णायक भूमिका स्थापित गर्न र सामुदायिक विकासका कार्यहरुमा समान सहभागिताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ। यसका लागि सबै जातजातिको प्रतिनिधित्व हुने गरी **सबै टोलमा आमा समूहको** गठन र परिचालनलाई अझै सुदृढ र सशक्त बनाईनेछ ।
- आमा समूहहरुलाई सामुहिक खेतीको लागि क्षमता अभिवृद्धि गर्दै आवश्यक विउ बिजन, औजार, विरुवा उपलव्ध गराईनेछ र अनुदानको प्रभावकारिताको लागि अनुदान दिनुपूर्व सम्बन्धित गाउँको आमा समूहको सिफारिस अनिवार्य गरिनेछ ।
- **दलित उत्थान केन्द्र** मार्फत अगाडि बढाइएका सशक्तीकरण, सामाजिक न्याय र दलितहरुको उत्थानका कार्यक्रमहरुको दायरा विस्तार गरी दलित समुदाय मात्र नभई सवै जातजातिका विपन्न परिवारहरुको सवलीकरण र सशक्तीकरणका कार्यक्रमहरु अगाडि बढाईनेछ।
- युवा, दलित, महिला, श्रमिक, साना किसान, असहाय तथा अपांगता भएका व्यक्ति, गरिब तथा विपन्न, सीमान्तकृत अल्पसंख्यक र पिछडिएको वर्ग तथा क्षेत्रको उद्यमशीलता विकासका लागि व्यावसायिक, सीपमूलक र रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ। सीपमूलक रोजगार प्रवर्द्धनको लागि रोजगार सेवा केन्द्र, गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम र स्थानीय रोजगार कार्यक्रम प्राथमिकताका साथ अगाडि बढाईनेछ।

**गाउँसभा सदस्यहरु,**

- आवश्यकता अनुसारको शिक्षण सीप नभएका शिक्षक र कमजोर विद्यार्थी पहिचान गरी उनीहरुको क्षमता अभिवृद्धि गर्नको लागि र विभिन्न आवश्यक तालिमहरु संचालन गर्न गाउँपालिकाको केन्द्रमा शैक्षिक सुधार केन्द्रको स्थापना गरिनेछ र सामुदायिक विद्यालयहरुको सर्वपक्षीय मूल्याङ्कन र सुधारको लागि शैक्षिक सुधार कार्यक्रम अगाडि बढाइनेछ ।
- विद्यालय व्यवस्थापन समिति, अभिभावक र शिक्षकलाई विद्यालय र विद्यार्थीको भविष्यप्रति अझै जिम्मेवार बनाउनको लागि दण्ड र पुरस्कारको नीति अवलम्बन गरिने छ ।
- अति विपन्न परिवारका बालबालिकाहरु, बाबुआमा गुमाएका टुहुरा बालबालिकाहरुलाई संरक्षरण गर्दै उनीहरुलाई विद्यालयसम्म ल्याउने, टिकाउने, पढाउने र सिकाउने नीति सँगै उनीहरुको पालन पोषणको उचित प्रवन्ध मिलाउन आवश्यक पहल गरिनेछ।
- शैक्षिक सुधारको लागि सुनौलो निवृत्तिभरण कार्यक्रमलाई निरन्तरता दिईनेछ र कार्य सम्पादनको आधारमा पालिकाभित्रका शिक्षकहरुलाई सरुवा गर्ने नीति अवलम्बन गरिनेछ ।
- कार्यसम्पादन मूल्यांकन, शैक्षिक प्रणाली र जनशक्तिको व्यवस्थापनलाई वस्तुनिष्ठ, वैज्ञानिक र प्रविधिमैत्री बनाइनेछ । सामुदायिक विद्यालयलाई शैक्षिक नतिजाको आधारमा अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- पोषण सम्बन्धी जनचेतनाका कार्यक्रमहरुलाई अभियानको रुपमा अगाडि बढाईनेछ ।  दैनिक उपभोग्य बस्तुमा सम्भव भएसम्म स्थानीय उत्पादनलाई प्राथमिकता दिईनेछ । पालिका र मातहतका सम्पूर्ण कार्यालय तथा शिक्षण संस्थाको दिवा खाजामा स्थानीय उत्पादन प्रयोग गर्ने नीति लिईनेछ ।
- **æनागरिकलाई टेवा, टोलटोलमा स्वास्थ्य सेवाÆ** भन्ने नाराका साथ आवश्यक औषधीहरु, सरसफाई लगायत अन्य जनचेतनामूलक कार्यक्रमका साथै सामुदायिक स्वास्थ्य सेवा घरघरमा पुन्याइनेछ । गर्भवती महिला, शिशु, बालबालिका, अस्वस्थ तथा अशक्त व्यक्तिको हेरचाह र उपचारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

- पालिकामा आँखाको समस्या भएका बिरामीहरुको अवस्थालाई मध्यनजर गरी हिमालयन आँखा अस्पताल पोखरासँग सहकार्य गरी स्याटलाईट आई क्लिनिक संचालनमा ल्याईनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चत गर्न आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, स्वास्थ्यकर्मी, स्वंयसेविकाहरुलाई सेवा प्रवाह र कार्यक्षमताको आधारमा मूल्याङ्कन गरी प्रोत्साहन गर्दै लगिने नीति अवलम्बन गरिनेछ । योग र ध्यानका बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- लामो समयदेखि सम्पन्न नभएका खानेपानीका योजनाहरुलाई सम्पन्न गर्न पहल गरिनेछ। पुराना आयोजनाहरु आवश्यकता अनुसार मर्मत संभार गरिनेछ। खानेपानीको समस्यालाई यथाशीघ्र समाधान गर्ने नीति अवलम्बन गरिनेछ ।
- जलवायु परिवर्तन, विश्वव्यापी उष्णता र संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कनबिना अव्यवस्थित रुपमा खनिएका ट्रयाकहरुले गर्दा खानेपानीका मूलहरु सुक्दै गएका छन् । मूलहरुको संरक्षण गर्ने र खानेपानी समस्या हुन नदिन भरणपोखरी निर्माण र वृक्षारोपण कार्यलाई अभियानको रुपमा अगाडि बढाईनेछ ।
- कृषकले उत्पादन गरेका तरकारी, फलफूल, अन्नबाली, दूध, माछा, मासु लगायतका उत्पादनको बजारीकरण गर्ने, मूल्य अभिवृद्धि गर्ने र संभावित क्षतिलाई परिपूर्ति गर्न पालिकाले न्यूनतम समर्थन मूल्य निर्धारण गरी सहयोग गर्ने नीति लिइनेछ। दरौंखोला, केवरेखोला र दिर्जेखोलामा माछा पकेट क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सम्पूर्ण वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्यचौकी, आधारभूत स्वास्थ्य केन्द्रहरुमा हरित उद्यान निर्माणलाई प्राथमिकता दिईने छ ।
- गाउँपालिकाका गतिविधि र नागरिकका चासो एवं सरोकारका विषयहरुमा अन्तरक्रिया गर्ने, रचनात्मक सुझाव लिने दिने उद्देश्यले चौमासिक रुपमा गाउँपालिकाका गाउँबस्तीहरुमा "गाउँपालिकाबासीसँग अध्यक्ष संवाद कार्यक्रम" संचालन गरिनेछ ।
- अर्जुनचौपारी गाउँपालिकाको आर्थिक बर्ष 2078/079 सम्मको लेखापरीक्षण प्रतिवेदन अनुसार बेरुजुको अवस्था चिन्ताजनक रहेको छ । विभिन्न कारणले सृजित बेरुजुहरुको न्यूनीकरणका लागि आवश्यक कार्यहरु अगाडि बढाइनेछ ।

**गाउँसभा सदस्यहरु,**

- गाउँपालिकाबाट घर नक्सापास र अभिलेखीकरणको लागि आवश्यक ऐन, नियम कानूनको निर्माण गरी भौतिक संरचना र घर निर्माण गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
- अर्जुनचौपारी बजार क्षेत्रभित्र सि.सि.टिभी क्यामेरा, सडक बत्ती जडान गरी सुरक्षा व्यवस्थालाई चुस्त बनाइनेछ।
- गाउँ प्रहरीको व्यवस्था गरी आवश्यकता अनुसार मदिरा नियन्त्रण, नवीनतम र सृजनशील क्रियाकलाप र विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रममा गाउँ प्रहरीको प्रभावकारी परिचालन गरिनेछ ।
- मुख्यतया जनप्रतिनिधिहरुको सेवा सुविधाबाट स्थापना गरिएको सामाजिक उत्तरदायित्व कोषमा जनप्रतिनिधिको सहयोगलाई निरन्तरता दिई आगामी बर्षहरुमा यस कोषमा अन्य संघ संस्थालाई समेत सहयोग गर्नका लागि आव्हान गरी कोष संचालनको दायरा विस्तार गरिनेछ ।
- अर्जुनचौपारी गाउँपालिकामा नियमित विद्युत आपूर्तिको लागि विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरी विद्युत लाइन वरिपरिका रुख कटान, बस्ती र जोखिमयुक्त ठाउँमा कालोतार, पोलको व्यवस्थापन र वास्तविक समस्याको पहिचान र निराकरणको लागि पहल गरिनेछ ।
- जलबराह, पञ्चकन्या मन्दिर, थाप्ले, डहरेदेउराली, एकानन्द गुफा, शिला, रापाकोट कालिका, तामुलेक, रामसीता ताल लगायतका ठाउँमा ग्रामिण पर्यटन पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिईनेछ र लामडाँडा होमस्टेलाई नियमित रुपमा सुचारु गर्न प्रचार प्रसार तथा थप श्रोतसाधनको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाले हाल लिँदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ। राजश्वको दायरालाई फराकिलो बनाईनेछ। एकल कर प्रशासनको माध्यमबाट व्यवसाय कर, सम्पति कर र बहाल बिटौरी करलाई करको दायरामा ल्याईनेछ।
- वडा प्रशासन, शिक्षण संस्था, स्वास्थ्य संस्था, सहकारी लगायतका कार्यालयहरुको संस्थागत संरचनागत सुदृढीकरण गर्दै सेवा प्रवाहमा ध्यान दिई जनउत्तरदायी बनाईनेछ । सुशासन विरोधी क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- सहकारीहरुमा वित्तीय अनुशासन र सुशासनमा जोड दिईनेछ । सहकारी संस्थाहरुको विवरणहरु अध्यावधिक र व्यवस्थित गर्दै सहकारीको अनुगमन र नियमनको प्रभावकारी व्वयस्था गरिनेछ ।
- अनावश्यक निर्माण, अनावश्यक अनुदान र फजुल खर्चलाई कटौती गरिनेछ र क्षतिपूर्ति, आर्थिक सहायता वितरण र पालिकाबाट उपलब्ध सेवा सुविधालाई पारदर्शी र वैज्ञानिक बनाउँदै लगिनेछ ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, जातीय छुवाछुत–भेदभाव र बोक्सीका आरोप जस्ता कुरीति, कुप्रथा अन्त्य गर्न निरोधात्मक, संरक्षणात्मक र सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ.

- अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका वेवारिसे तथा हिंसा पीडितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाईनेछ । बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिनेछ । सबै खाले बालश्रम शोषणको अन्त्य गरिनेछ ।
- आर्थिक बर्ष 2080/081 को शुरुवातमा नै औद्योगिक ग्रामलाई सञ्चालनमा ल्याई मापदण्ड विपरीत खोला किनारमा रहेका ढुङ्गा कटिङ्ग लगायतका अन्य उद्योगहरुलाई स्थानान्तरण गर्नका लागि प्रोत्साहन गरिनेछ ।
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यहरुलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्वन गरिनेछ। जनप्रतिनिधि र कर्मचारीको अन्तरसम्वन्ध सुदृढ गर्न, कार्यक्षमता अभिबृद्धि गर्न तथा जवाफदेही बनाउने कार्यलाई प्राथमिकताका साथ कार्यान्वियन गरिनेछ।

**अन्त्यमा,**

- माथि उल्लेखित नीतिहरुको कार्यान्वयनका लागि रु ४४ करोड 69 लाख श्रोत व्वस्थापन भएको छ । आर्थिक बर्ष 2080/081 का लागि प्रस्तावित नीति तथा कार्यक्रमले सुशासित, समुन्नत र सुसंस्कृत गाउँपालिका निर्माण गर्न गाउँपालिकाबाट सम्पादित प्रत्येक कार्यहरुको केन्द्र बिन्दुमा आम नागरिक हुनेछन् । हाम्रो यस संकल्पलाई साकार तुल्याउन सम्पूर्ण सरोकारवालाहरुले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिएको छु ।
- यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट अर्जुनचौपारीबासीको शिक्षा र स्वास्थ्यमा पहुँचवृद्धि हुने साथै पालिका र वडाबाट हुने सेवा प्रवाहमा आधारभूत परिवर्तन हुने विश्वास लिएको छु ।
- सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा र उत्तिकै सम्मानको प्रत्याभूति गर्नेगरी उपयुक्त नीति, सक्षम नेतृत्व, दृढ आत्मविस्वास र समर्पणका साथ अगाडि बढ्दा विकासको अभियानलाई तीब्रता दिन सकिन्छ भन्ने सकारात्मक सन्देश सम्प्रेषण गर्न चाहन्छु।
- प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत राष्ट्रसेवक कर्मचारीहरु, जनप्रतिनिधिहरु एवं नागरिक समाजप्रति पुनः धन्यवाद प्रकट गर्दै गरिमामय १३ औं गाउँसभाबाट रचनात्मक सुझाबको अपेक्षा सहित बिदा हुन्छु।

धन्यवाद ।

जय अर्जुनचौपारी गाउँपालिका
**प्रकाश तिवारी**
गाउँपालिका अध्यक्ष